मध्यविन्दु नगरपालिका

# स्थानिय राजपत्र

**खण्डः ०१** **संख्याः ०८** **मिति : २०७४/१०/१०**

# भाग २

## मध्यविन्दु नगरपालिका

## नदिजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्वन्धि कार्यविधि, २०७४

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/१०/१०**

**नगरप्रमुखबाट प्रमाणिकरण मितिः २०७४/१०/११**

**राजपत्रमा प्रकाशित मितिः २०७७/०९/१४**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(२)(प)(७) बमोजिम मध्यबिन्दु नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोत साधनको संरक्षण गर्नु यस नगरपालिकाको जिम्मेवारी हो । उत्खनन् तथा निकाली बिक्री वितरण गर्ने र निकासी कर लगाउने कार्यको प्रारम्भिक वातावणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत भैसकेपछि उक्त प्रतिवेदनले निर्धारित गरेका शर्त बमोजिम नदीजन्य पदार्थहरुको व्यवस्थापन गर्नुपर्ने हुन्छ । नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा)को उत्खनन् तथा संकलन गर्ने काम र सोको प्रशोधन तथा बिक्री वितरण गर्ने कामलाई पृथक (Unbounding) गरी उत्खनन तथा संकलन गरेको रोडा, ढुङ्गा, गिट्टी, बालुवा घाटगद्दी गरी इजाजत दिदा तोकिएको शर्त र परिणाम बमोजिम संकलन भए नभएको एकीन गराए पछि मात्र प्रशोधनकर्ता वा संस्था वा व्यक्तिले खरिद गर्ने सम्बन्धी कार्यको व्यवस्थापन गर्नुपर्ने छ । मिति २०७१/१०/१० को नगरपालिकाको निर्णयानुसार यो कार्यविधि लागू भएको छ ।

नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको सहज आपूर्ति गर्न, निषेधित क्षेत्रबाट नदीजन्य पदार्थ चोरी उत्खनन तथा निकासीलाई निरुत्साहित गर्न र IEE स्वीकृत भएको स्थलबाट नदीजन्य पदार्थको उत्खनन/संकलन वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०४४ को कानूनी व्यवस्था अनुसार नदीजन्य पदार्थको उत्खनन, घाटगद्दी र वितरण सम्बन्धी साविक व्यवस्थालाई थप प्रभावकारी बनाई लागू गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि बनाई लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम **"मध्यबिन्दु नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४"** रहेको छ ।

(२) यो कार्यविधि प्रमाणीकरण भएको मितिदेखी लागू हुने छ ।

२. **परिभाषा :** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) **कार्यविधि** भन्नाले **"मध्यबिन्दु नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि, २०७४"** लाई जनाउने छ ।

(२) **मन्त्रालय** भन्नाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई जनाउने छ ।

(३) **अनुगमन समिति** भन्नाले नवलपरासी (वर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला अनुगमन तथा समन्वय समितिलाई जनाउने छ ।

(४) **कार्यदल** भन्नाले नगर प्रमुखको अध्यक्षतामा रहेको अनुसूचि ५ बमोजिमको कार्यदललाई जनाउने छ ।

(५) **जि.स.स.** भन्नाले जिल्ला समन्वय समितिको कार्यालय नवलपरासी (वर्दघाट सुस्ता पूर्व) लाई जनाउने छ ।

(६) **नगरपालिका** भन्नाले मध्यबिन्दु नगरपालिका, नवलपरासी (वर्दघाट सुस्ता पूर्व) लाई जनाउने छ ।

(७) **नदीजन्य पदार्थ** भन्नाले उत्खनन गर्न अनुमति भएको नदी बगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी बालुवा, मिस्कट, पाँगो, भष्कट र माटो समेतलाई जनाउने छ ।

(८) **IEE** भन्नाले नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार गर्ने प्रयोजनको लागि मन्त्रालय द्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भीक वातावरणीय परिक्षण) प्रतिवेदन लाई जनाउने छ ।

(९) **घाटगद्दी** भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरेर ल्याई राख्ने स्थल वा यस कार्यविधीको दफा ६.१ र ६.२ मा उल्लेख गरिएको उत्खनन स्थल समेतलाई जनाउने छ ।

(१०) **नगर स्तरीय अनुगमन समिति** भन्नाले कार्यदलले तोके बमोजिम समय समयमा खटिने अनुगमन समिति बुझ्नु पर्नेछ ।

३. **कार्यविधिको आवश्यकता:** मध्यबिन्दु नगरपालिकामा आर्थिक तथा वातावरणीय दृष्टिकोण नदीजन्य पदार्थ निकाल्न निषेध गरेको क्षेत्र, वन क्षेत्र, चुरे संरक्षण क्षेत्र, मध्यवर्ती क्षेत्र रहेको छ । नदीजन्य

पदार्थ चोरी निकासी हुनसक्ने प्रवल सम्भावना रहेकोले सो क्षेत्रको संरक्षण गरी अवैद्य उत्खनन नियन्त्रण गर्न आवश्यक रहेको छ । नगरपालिकामा ठूला विकास आयोजनाहरु, नियमित सार्वजनिक विकास निर्माण कार्य र निजी निर्माण कार्य समेत तिब्र गतिमा अगाडी बढेको छ । यस अवस्थामा एकातर्फ निषेधित क्षेत्रको संरक्षण गर्नु परेको र अर्को तर्फ बजारमा नदीजन्य पदार्थको अभाव हुन नदिई सहज आपूर्ति गर्न र नदीजन्य पदार्थको उत्खनन, वितरण तथा ओसार पसार गर्दा वातावरण मैत्री व्यवहार अपनाउन आवश्यक भएकोले मध्यबिन्दु नगरपालिका, नगर कार्यपालिकाको मिति २०७४/ १० /१० को निर्णय कार्यान्वयन गर्न आवश्यक भएको छ।

४. **कार्यविधिको उद्देश्य** : यो कार्यविधीको उद्देश्य देहाय बमोजिम रहेको छ ।

(१) नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन/संकलन तथा ओसार पसार गर्दा प्रारम्भीक वातावरणीय परीक्षण (IEE) प्रतिवेदनका शर्तहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

(२) नदीक्षेत्र र ओसारपसार गरिने मार्ग वरीपरिको वातावरण संरक्षण गर्ने ।

(३) नदीजन्य पदार्थको अवैद्य रुपमा अधिक दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै सहज आपूर्ति प्रबन्ध मिलाउने ।

(४) नदीजन्य पदार्थ संरक्षण तथा व्यवस्थापन गर्ने सन्दर्भमा भएका निर्णयहरुलाई स्थानीयता विशेषका (Localize) आधारमा कार्यान्वयन गर्न सहज तुल्याउने ।

(५) आम नागरिकलाई सुपथ मूल्यमा नदीजन्य पदार्थ उपलब्ध हुन सक्ने वातावरण सृजना गर्ने।

(६) सार्वजनिक विकास निर्माणका लागि आवश्यक पर्ने नदीजन्य पदार्थको अभाव हुन नदिने ।

५. **कार्यविधिको क्षेत्र** : यो कार्यविधी मध्यबिन्दु नगरपालिका क्षेत्रका निम्न क्षेत्र भित्र मात्र लागू हुने छ ।

(१) नगरपालिका क्षेत्र भित्रका विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन र बिक्री वितरण गर्न IEE प्रतिवेदनले स्वीकृत गरेका क्षेत्रहरु ।

(२) नगरपालिका क्षेत्र भित्रका रहेका अन्य नदी तथा खहरेहरुबाट नदीजन्य पदार्थ उत्खनन/संकलन बिक्री वितरण गर्न स्वीकृत IEE प्रतिवेदनले उल्लेख गरेका क्षेत्रहरु ।

(३) नगरपालिका क्षेत्र भित्रका रहेका वन क्षेत्र भित्र रहेका नदी प्रणालीहरुबाट जिल्ला वन कार्यालयको समन्वयमा नदीजन्य पदार्थ उत्खनन र बिक्री वितरण गर्न सम्बन्धीत निकाय द्वारा स्वीकृत IEE प्रतिवेदनले स्वीकृत गरेको क्षेत्र ।

(४) नगरपालिका भित्र रहेका नदी, खहरेमा नदीजन्य पदार्थ थुप्रन गई सो को कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवश्यक स्थलहरु ।

(५) नगरपालिका क्षेत्र भित्रका रहेका विभिन्न निजी जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन गरी हटाउन माग गरेको अवस्थामा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

(६) नगरपालिका क्षेत्र भित्रका रहेका विभिन्न सरकारी सार्वजनिक जग्गा उत्खनन गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धीत निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाण भित्र ।

(७) नगरपालिका क्षेत्र भित्रका कृषकले निजी जग्गालाइ खेतीयोग्य बनाउदा ,माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने नदीजन्य पदार्थ उत्खनन् गरी उक्त स्थलबाट हटाई अन्यत्र ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

६. **उत्खनन विधि** : यस कार्यविधि बमोजिम उत्खनन् गर्दा उत्खनन् कर्ताले (ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपभोक्ता स्वयम) देहायको शर्त तथा मापदण्ड पालना गर्नुपर्ने छ ।

(१) नदीजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित नगरपालिकाका प्रतिनिधी, जनप्रतिनिधि र स्थानीय बासिन्दा समेतको रोहवरमा IEE प्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरी निकालिने परिमाण र उत्खनन गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

(२) उत्खनन पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरी निशाना लगाई निर्धारित परिमाण भन्दा बढी उत्खनन गर्न नपाउने साँध, किल्ला र निसानाका आधारमा परिमाण एकिन गरेपछी मात्र सो घाटबाट उत्खनन कार्यको थालनी गर्ने । यसरी गरिएको सीमा भित्रबाट मात्र उत्खननकर्ताले नदीजन्य पदार्थ उत्खनन गरी लैजान सक्ने ।

(३) नगरपालिकाले यस कार्यविधी बमोजिम नदीजन्य पदार्थको उत्खनन/संकलन तथा ओसार पसार गर्न अनुमति दिदा कुनै एक स्थललाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

(४) नदीजन्य पदार्थ उत्खनन गर्दा नगरपालिकाबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममूलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने भारी यान्त्रीक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।

(५) उत्खनन गर्दा भारी यान्त्रीक उपकरणको प्रयोग सम्बन्धमा IEE प्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा नगरपालिकाको निर्णय बमोजिम गर्ने ।

(६) नदीजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन गर्न नपाउने गरी नियमित अनुगमन गर्ने ।

(७) उत्खनन स्थल सम्म जाने र फर्कने मार्ग निर्धारण नगरपालिकाको सहमतिका आधारमा गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्ने भएमा यस कार्यविधीको अनुसूचि १ बमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेखको निरन्तर अनुगमन गर्ने ।

(८) परिमाण नियन्त्रणका लागि दैनिक पटके उत्खनन अभिलेख खाता अनुसूचि २ बमोजिमको ढाँचामा उत्खनन स्थलमा राख्ने ।

(९) उत्खनन गरि सके पछि छनौट गरि छाडीएको काम नलाग्ने बस्तु जुन स्थलनबाट निकालीएको हो सोही स्थलमा लगी छाड्नु पर्ने छ । उत्खनन गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरी उत्खनन गर्नु पर्ने छ । नदीको पानीको मौजुदा (Existing) बहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन । तर नापी नक्सा बमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा नगरे कार्यदलको निर्णयानुसार नदीलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

(१०) उत्खनन कार्यमा खटिने ठेकेदारले IEE का शर्तका अलावा ठेक्का शर्त र नगरपालिकाले बेला बेलामा दिइएको निर्देशन पालना गर्नुपर्ने छ ।

(११) उत्खनन गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगी आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्ने । कुनै संरचनाको निर्माणस्थल बाहेक उत्खनन् स्थल वरिपरीको ३ कि.मि. क्षेत्र भित्र उत्खनन गरिएको नदीजन्य पदार्थ हाते प्रविधीबाट प्रशोधन गर्न निषेध गर्ने ।

(१२) उत्खनन गर्दा पानीको सतह भन्दा १५ सेन्टीमिटर माथी छाड्नु पर्ने छ । उत्खनन् सम्बन्धी IEE का सबै सर्त पालना गर्नुपर्ने छ ।

(१३) उत्खनन स्थलमा अनुमति प्राप्त तोकिए बमोजिमका ढुवानी साधन बाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

(१४) उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि शौचालयको निर्माण गरी मल मुत्र त्याग गर्न निषेध गर्ने ।

(१५) उत्खननका लागी पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन गरिने परिमाण, चौकिल्ला, उत्खनन विधी र गुनासो सुन्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं. लगायतका कुराहरु अनुसूची ३ वमोजिमको ढाँचामा जानकारी मुलक सुचना बोर्ड तयार गरी राख्ने ।

७. **नदीजन्य पदार्थको ओसार पसार तथा रोयल्टी रकम उठाउने विधि** : नदीजन्य पदार्थ ओसार पसार गर्ने ढुवानीकर्ताले देहाय बमोजिम गर्नु पर्ने छ ।

(१) नदी प्रवेश आदेश लिई उत्खनन गरिने घाटमा प्रवेश गरी उत्खनन गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधी भर नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्ने छ ।

(२) नदीजन्य पदार्थ ढुवानी गरि लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदी प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण स्पष्ट संग भर्न लगाई लिनु पर्ने छ । पटके आदेशमा

उल्लेखित विवरण (मिति, समय, सवारी नं., ढुवानी गरी लैजाने स्थल, परिमाण, पदार्थको प्रकार, आदी) अनुसूची ४ वमोजिम हुनेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन भएको स्थानबाट ओसार पसार गर्ने समय विहान ८ बजे देखि साँझ ६ बजे सम्म मात्र कायम गर्ने ।

(४) नदीजन्य पदार्थ ढुवानी गर्दा ट्रेक्टर र २५० घ.फु. सम्मको ट्रक/टिपर मात्रको प्रयोग गर्न दिने सो को अनुगमन नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(५) नदीजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधी भर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सो को अनुगमनको प्रबन्ध नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले गर्ने ।

(६) नदीजन्य पदार्थ ढुवानी गर्ने साधनले उत्खनन स्थलबाटै ढाकेर लैजानु पर्ने छ र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन ।

(७) मूलबाटोबाट उत्खनन स्थल तर्फ सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत सम्बन्धीत न.पा. वा गा.वि.स.ले गर्ने र धुलो उड्न नदीन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता  र ढुवानीकर्ताले मिलाउने ।

(८) कृषि कार्य वा अन्य निजी प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् ।

(९) नदीजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथा संभव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

(१०) नदीजन्य पदार्थको ओसार पसार गर्न निर्धारण गरिएको माथि उल्लेखित विधीको परिपालना सम्बन्धमा नवलपरासीले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

(११) उत्खनन् गरिएका पदार्थ गन्तव्यस्थल तर्फ लैजादा विद्यालय रहेको गाउँवस्तीको बाटो प्रयोग गर्नु पर्ने भएमा उक्त बाटोहरुमा विहान ९:००-१0:00 बजे सम्म र दिउसो ४:००-५:०० बजे सम्म ढुवानीका साधनहरु नचलाउने ।

(१२) खोलाजन्य पदार्थको उत्खनन् गर्न ठेक्का कबोल गरेको रकम बराबरको रोयल्टी वापतको रकम सम्झौताको शर्तमा उल्लेख गरी चौमासिक रुपले वा अग्रिम एकमुष्ठ बुझाउन सकिने छ । अग्रिम एकमुष्ठ बुझाएमा बढीमा उक्त कबोल रकमको बढीमा दश प्रतिशत (१०%) सम्मको रकम छुट दिन सकिनेछ ।

८. **उत्खनन् परिमाण नियन्त्रण विधि** : उत्खनन गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन हुन नदिन देहाय बमोजिम गर्नु पर्ने छ ।

(१) नगरपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रही उत्खनन आदेश दिनु पूर्व प्राविधिक नाप जाँच तथा रेखाकंनका आधारमा पहिलो पटक उत्खनन लाईन दिने ।

(२) यस बमोजिम उत्खनन् भै निकासी भएको स्थलमा नगरपालिकाले नियमित अनुगमन गर्ने ।

(३) दैनिक उत्खनन गरिएको नदीजन्य पदार्थको अनुसुचि २ बमोजिमको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्ने ।

(४) अनुसुचि ४ बमोजिमको ढाँचामा दैनिक उत्खनन तेरिज तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले सोको अभिलेख राख्ने ।

९. **अनुगमन सम्बन्धी व्यवस्थाः** IEE प्रतिवेदनका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न देहाय बमोजिमको अनुगमन संयन्त्र परिचालन गर्नु पर्ने ।

(१) प्रमुख जिल्ला अधिकारी संयोजक रहेको नेपाल सरकार द्वारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकै बेला अनुगमन गरी निर्देशन दिन सक्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन तथा ओसार पसारको कार्य प्रारम्भ भै सकेपछि यस कार्यविधी बमोजिम भए नभएको नियमित अनुगमन गर्न मध्यबिन्दु नगर कार्यपालिकाको कार्यालयले अनुगमन कार्यदल बनाई नियमित अनुगमनका लागि परिचालन गर्ने ।

(३) प्रहरी द्वारा अनुगमन : उत्खनन/संकलन तथा ओसार पसारका शर्तहरुको परिपालना, उत्खनन्/संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ता कार्यको नेपाल प्रहरी र ससस्त्र प्रहरी बलबाट जुनसुकै बेला अनुगमन गर्न सक्ने गरी परिचालन गर्ने।

(४) नगरपालिकाद्वारा अनुगमन : उत्खनन/संकलन तथा ओसारपसारका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन नगरपालिकाले अनुगमन कार्यदल खटाउन सक्नेछ ।

(५) अनुगमनको कार्यसूचि : माथि उल्लेखित अनुगमन व्यवस्था अनुसार नदीजन्य पदार्थको उत्खनन् तथा ओसारपसारका लागि प्रचलित कानून व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधीमा गरिएको प्रावधानहरुको परिपालना भए नभएको, निषेधित क्षेत्रमा चोरी उत्खनन् नियन्त्रण, अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण, नदीजन्य पदार्थको राजश्व चोरी गरि हुन सक्ने ओसार पसार, अनुमति बेगर भारी यान्त्रीक औजारको प्रयोग गरी गरिने उत्खनन लगायतका विषयमा अनुगमन गरी शर्त उल्लंघन गर्ने उपर कारवाही गर्न नगर कार्यपालिकाको कार्यालयमा प्रतिवेदन दिनु पर्ने ।

(६) अनुगमन कार्यमा लाग्ने खर्चको लागि नगरपालिकाले आवश्यक व्यवस्था गर्ने ।

(७) अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजश्व चोरी गरी उत्खनन/संकलन तथा ओसार पसार गरेको पाइएमा त्यस्ता उत्खननकर्ता वा ढुवानीकर्तालाई आ.व. ०७४/०७५

सम्म जिल्ला समन्वय समिति र त्यस उप्रान्त प्रदेश कानून वा नगरपालिकाको निर्णय बमोजिम जरिवाना गरिने छ ।

(८) माथि ९.७. बमोजिम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकी, प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्ने ।

१०. **विविध :**

(१) नदीजन्य पदार्थ उत्खनन गरिने स्थलमा अनुसुचि ४ बमोजिमको सूचना बोर्ड राखी सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

(२) यो कार्यविधीलाई नगरपालिकाले आवश्यकता बमोजिम बेला बेलामा संसोधन गरी लागु गर्न सक्ने ।

(३) यस कार्यविधीमा उल्लेखित प्रावधानहरु यसै बमोजिम हुनेछन्, त्यसमा उल्लेखित प्रावधानहरु कुनै ऐन वा नियमावलीको प्रावधानसँग बाझिएमा, बाझिएको हदसम्म ऐन वा नियमावली बमोजिम हुनेछन् । यस कार्यविधिमा नपरेका कुराहरु सम्बन्धित ऐन नियमावली बमोजिम हुनेछन ।

(४) यस कार्यविधीका प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहने छ ।

अनुसूचि-१

# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मध्यबिन्दु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## पटके नदी प्रवेश आदेश

**(दफा ६ को उपदफा ६.७ अनुसार)**

मध्यविन्दु नगरपालिकाको .............................. खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लाीग IEE कार्वान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

**नाका वा घाटको भएको नदीको नाम :** **समय :**

**नदी प्रवेश आदेश मिति :** **प्रवेश आदेश नं.:**

**नदी प्रवेश आदेश विवरण**

१. नदीजन्य पदार्थ ओसार पसार गरी लैजाने नाकाको नाम :

ठेगाना : संम्पर्क फोन नं.:

२. ओसार पसार नदीजन्य पदार्थको नाम :

३. नदीजन्य पदार्थ ढुवानी गरि लैजाने साधन को नाम : सवारी दर्ता नं.:

४. निकासी गरि लैजाने नदीजन्य पदार्थको परिमाण : घनफुटः

५. ओसार पसार गरी लैजाने स्थान :

६. निकासी गरि लैजाने नदीजन्य पदार्थको प्रयोजन :

(जुन प्रयोगका लागी लैजाने हो कुनै एकमा चिन्ह लगाने ।

(क) निजी निर्माण (ख) सार्वजनीक निर्माण (ग) प्रशोधन पछि बिक्री

नोटः यो आदेश विना सवारी साधन नदीमा प्रवेश गर्न, नदीजन्य पदार्थको ओसार पसार गर्न र नदीजन्य पदार्थ संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा नगरपालिकाको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलित कानुन बमोजिम सजाय समेत हुने छ ।

प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधीको नाम थर :

सहि :

अनुसूचि-२

# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मध्यबिन्दु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

### उत्खनन् कर्ताले राख्ने नदीजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख

(दफा ६ को उपदफा ६.८ अनुसार)

मध्यविन्दु नगरपालिकाको .....................................खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लाीग IEE कार्वान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

**नाका वा घाट भएको नदीको नाम :**

**उत्खनन् गरिएको नाका वा घाटको नाम :**

| सि.नं. | उत्खनन् गरिएको मितिः | उत्खनन गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधीको दस्तखत | अनुगमन कर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूचि-३

# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### मध्यबिन्दु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

उत्खनन् स्थलमा राख्नु पर्ने सूचना बोर्डको नमुना

(दफा ६ को उपदफा ६.१५ अनुसार)

( मध्यविन्दु नगरपालिकाको ........ खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागी IEE कार्वान्वयनका सन्दर्भमा उत्खनन स्थलमा सार्वजनीक जानकारीका लागी राखीएको ।

## नदीजन्य पदार्थ उत्खनन गरिने स्थल

उत्खनन् विवरण

१. नदीको नाम :

२. घाटको नाम :

३. उत्खनन गरिने परिमाण घ.फू. मा :

४. उत्खनन कार्यमा प्रयोग हुने साधन :

५. उत्खनन गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार पर्मको नाम र ठेगाना :

६. उत्खनन गर्ने अवधि : मिति २०७ / / गते बाट उल्लेखित परिमाण निकालञ्जेल वा २०७ साल ........................ भित्र मध्ये जुन पहिला हुन्छ ।

नोटः कुनै सिकायत, गुनासो वा थप जानकारीका लागी मध्यविन्दु नगरपालिका चोरमारा, नवलपरासीका प्रमुख प्रशासकीय अधिकृतको मोवाईल नं.९८५७०४१००३ सम्पर्क गर्नु हुन ।

अनुसूचि-४

# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मध्यबिन्दु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

### नदिजन्य पदार्थको दैनिक पटके बिक्री अभिलेख तेरीज

(दफा ७ को उपदफा ७.२ अनुसार)

मध्यबिन्दु नगरपालिकाको ...................................... खोलाबाट नदीजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्वान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

**नाका वा घाटमा भएको नदीको नाम :**

**नाका वा घाटको नाम :**

| सि.नं. | निकासी मितिः | पटके बिकी आदेश नं. | पटके बिक्री भएको परिमाण | बाँकी भएको पदार्थ सावारी नं. | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नोट : यो फारम उत्खनन् स्थलबाट ठेकेदारले पटकै पिच्छे भरी दैनिक पटके बिक्री आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

अनुसूचि-५

# मध्यबिन्दु नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मध्यबिन्दु, नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)

## स्थानीय अनुगमन उप-समिति

(दफा ९ को उपदफा ९.४ अनुसार)

| | |
|---|---|
| स्थानीय नगरपालिकाको कार्यकारी वा गाउँ विकास समितिको सचिव | संयोजक |
| स्थानीय इलाका वन कार्यालयको प्रमुख | सदस्य |
| स्थानीय वन उपभोक्ता समितिको अध्यक्ष | सदस्य |
| स्थानीय खोला व्यवस्थापन समितिको | सदस्य |
| स्थानीय इलाका प्रहरी कार्यालयको प्रमुख | सदस्य |